सूचना
धुम्रपान र मद्यपानबाट टाढा रहौं ।
सुखी र स्वस्थ जीवन बिताऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

२ फरार प्रतिवादी पक्राउ

❖पृष्ठ ४

वर्ष-१२ ।। अङ्क : २९७ ॥ २०७७ फागुन १३ गते बिहिबार (25th Feb. 2021, Thursday)

dNo-?÷%÷-

महशुल नबुझाउने ग्राहकको लाइन धमाधम काटिदै



बिर्तामोड (प्रस) । नेपाल विद्युत प्राधिकरणको अनारमनी वितरण केन्द्रले समयमा विद्युत महशुल नबुझाउने ग्राहकको लाइन काट्ने क्रमलाई निरन्तरता दिएको छ । वितरण केन्द्रले धेरै महिनासम्म महशुल नबुझाउने ग्राहकको नियमित रुपमा लाइन काट्ने क्रमलाई निरन्तरता दिएको जनाएको छ । यस वर्षको साउनदेखि फागुन ८ गतेसम्म ३१२ जना ग्राहकको लाइन काटिएको हो । जसबाट ९६ लाख ३९ हजार ३२९ रुपैयाँ असुली भएको छ। त्यस्तै कालो सूचीमा परेका ४ जना ग्राहकहरुबाट २४ लाख ९४ हजार १९३ रुपैयाँ असुली भएको वितरण केन्द्रले जनाएको छ ।

कोरोना महामारीका कारण लगाइएको लकडाउनले गर्दा विद्युत महशुल तिर्न धेरै समय दिँदासमेत नतिर्ने ग्राहकहरुको लाइन काटिएको वितरण केन्द्रका प्रमुख वीरेन्द्रकुमार झाले बताए । उनले विद्युत महशुल नतिर्ने धेरै ग्राहकहरुलाई कालो सूचीमा राखिएको बताउँदै कालो सूचीमा परेका अन्य ग्राहकहरुबाट पनि बक्यौता महशुल उठाउने प्रयास भइरहेको जानकारी दिए । त्यस्तै मिटरबाट विद्युत चोरी गर्ने ४५ जना ग्राहक कार्वाहीमा परेका छन् । उनीहरुबाट ४ लाख ८८ हजार ७६६ रुपैयाँ असुली भएको छ । त्यसैगरी नियमित रुपमा मिटर निरीक्षण भइरहेको केन्द्र प्रमुख झाले जानकारी दिए ।

नेपाल विद्युत प्राधिकरण , कर्मचारी क्वाटर र निवासमा २१ , सिंगल फेज ग्राहक १२९८ , थ्री फेज ग्राहक २३० जनाको मिटर निरीक्षण गरिएको उनले बताए । त्यसैगरी हुकिङ्ग नियन्त्रण र कार्वाही पनि गरिएको जनाइएको छ । हुकिङ्ग नियन्त्रणका लागि प्रचारप्रसार, टोली परिचालन गरी हुकिङ्ग गर्नेहरुबाट ३ हजार ८४० रुपैयाँ जरिवाना असुल गरिएको छ । त्यसक्रममा एकजनाको उपकरण समातिएको थियो भने एकजनाको हुकिङ्ग थुतिएको थियो । करिव ८ महिनाको अवधिमा कार्यालयले औसत विल मूल्यांकन असुलीतर्फ २४३ संख्या, १ लाख ५० हजार ६०५ युनिटबाट १० लाख ६३ हजार ४२२ रुपैयाँ असुली गरेको जनाएको छ ।

किशोरको उद्धार गरी परिवारको जिम्मा

काँकरभिट्टा (प्रस) । दुई वर्षअघि बेपत्ता भएका इलाम दानाबारी-५ का १८ वर्षीय किशोर हुकुम राईलाई सकुशल उद्धार गरी मंगलवार परिवारको जिम्मा लगाइएको छ । भारतको किसनगञ्जस्थित जिल्ला बाल संरक्षण इकाई र आफन्त नेपाल काँकरभिट्टाको सहकार्यमा उनलाई उद्धार गरी परिवारसमक्ष बुझाइएको हो ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाको रोहबरमा हुकुमलाई बुवा जीतबहादुर राईको जिम्मा लगाइएको आफन्त नेपाल झापाका प्रमुख मात्रिका गुरुङले बताए ।

'सुस्त मनस्थितिका १५ वर्षे बालक २०७५ वैशाख २ गतेदेखि बेपत्ता भएका रहेछन्' उनले भने-'खोजी गर्नेक्रममा भारतमा फेला परे र परिवारलाई खबर गरी पुनर्मिलन गराएका छौं ।'

मानव बेचबिखन तथा लैंगिक हिंसा विरुद्ध कार्यरत् आफन्त नेपाल नामक संस्थाले सीमा क्षेत्रमा कार्यालय स्थापना गरी समुदायस्तरमा सचेतनामूलक अभियान सञ्चालन गर्दै आएको छ ।

प्रतिनिधिसभा पुनर्स्थापनापछिको समीकरण

झापा (प्रस) । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई बदर गरिदिएपछि भावी सरकार र राजनीतिक समीकरण कस्तो हुने भन्ने चर्चा शुरू भएको छ ।

मंगलवार सर्वोच्चले प्रतिनिधिसभा पुनर्स्थापना गरेपछि खासगरी नेकपा प्रचण्ड-नेपाल पक्षले बुधवार विजय जुलुस निकालेको छ ।

प्रचण्ड-नेपाल पक्षका अध्यक्षद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालले बुधवार प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेर सत्ता सहकार्यको प्रस्ताव गरिसकेका छन् । बहुमतप्राप्त दल नेकपा विभाजन भएको अवस्थामा सरकार गठनको विकल्प दलहरूबीचको गठबन्धनबाट मात्रै खोज्न सकिने अवस्था छ ।

यस्तो अवस्थामा दलहरूबीच कस्तो समीकरण बन्छ भन्ने आमचासो पाइन्छ । प्रतिनिधिसभाको आगामी २ वर्षे कार्यकालको सत्ता समीकरणमा मधेशकेन्द्रित दल राजपाको भूमिका पनि महत्वपूर्ण हुने देखिएको छ । राजपासँग ३४ सांसद छन् । त्यसमध्ये रेशम चौधरी र हरिनारायण रौनियार 'पप्पु' भने निलम्बित अवस्थामा छन् । यसैबीच नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-माधव समूहले प्रधानमन्त्री कसलाई मानेर जाने भन्ने निर्णय भइनसकेको जनाएको छ ।

स्थायी कमिटी बैठकपछि पत्रकारहरुसँग कुरा गर्दै प्रवक्ता नारायणकाजी श्रेष्ठले अबको प्रधानमन्त्री आफैं बन्ने कि अरुलाई बनाउने भन्ने स्पष्ट नीति बनाइनसकेको बताए । काँग्रेस सभापति शेरबहादुर देउवासँगको भेटबारे सोधिएको प्रश्नमा श्रेष्ठले भने, 'संविधानको प्रभावकारी कार्यान्वयन होस्, लोकतान्त्रिक अभ्यास अघि बढोस् भनेर लोकतान्त्रिक शक्तिहरूसँग सहकार्य गर्न लागिएको हो।

प्रतिगमनका विरुद्ध पनि संयुक्त आन्दोलन गर्न चाहेको तर त्यो सम्भव नभएको भन्दै प्रवक्ता श्रेष्ठले अहिलेको नयाँ परिस्थितिमा पनि मिलेर जान पहल गरिएको बताए । आफूहरु पार्टी एकताको पक्षमा रहेपनि तत्कालका लागि केपी ओली प्रवृत्तिले त्यो संभव नहुने उनको भनाइ थियो । 'उहाँले अहिलेसम्म राजीनामा दिनुभएको छैन, राजीनामा दिनुभयो र मैले गल्ती गरेँ भनेर सच्चिएर आउनुभयो भने हामी हिजो पनि पार्टी एकताकै पक्षमा थियौ, आज पनि एकताकै पक्षमा छौं, प्रवक्ता श्रेष्ठले भने, 'तर उहाँमा आत्मालोचनासहितको प्रस्तुतीकरण देखिएको

❖ बाँकी तेस्रो पृष्ठमा

सामाजिक व्यक्तित्व पाठकको निधन

बिर्तामोड (प्रस) । राजनीति एवं सामाजिक क्षेत्रमा क्रियाशील बिर्तामोड ३ निवासी रेनुका पाठकको बुधबार दिउँसो निधन भएको छ । दिउँसो १.३० बजे ६३ वर्षको उमेरमा उनको निधन भएको हो । उनी मिर्गौलाको समस्याबाट ग्रसित थिइन् ।नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधि रहेकी पाठक यसअघि नेपाल महिला संघकी जिल्ला सचिव रहेकी थिइन् । त्यस्तै उनी पंचकन्या महिला बहुउद्देश्यीय सहकारी संस्थाकी संस्थापक अध्यक्ष पनि हुन् । उनका श्रीमान , दुई छोरा , दुई बुहारी र एक छोरी रहेका छन् । उनको बिहीबार विहान १० बजे कन्काई माईमा अन्त्येष्टि गरिने परिवारले जनाएको छ ।

हार्दिक बधाई

यस पशुपति ट्रेडिङ सेन्टर
बिर्तामोड५का सञ्चालक युवा व्यवसायी
मोहनप्रसाद अधिकारी कश्यप गोत्रीय
अधिकारी बंश प्रतिष्ठान झापा जिल्ला
कार्यसमितिको गरिमामय अध्यक्षमा
निर्वाचित हुनुभएकोमा हार्दिक बधाई
ज्ञापन गर्दै कार्यकाल सफलताको
शुभकामना व्यक्त गर्दछौं ।

भेषराज भण्डारी (प्रशान्त) महासचिव
तथा
कुमार भट्टराई अध्यक्ष

बिर्तामोड उद्योग वाणिज्य संघ परिवार, बिर्तामोड, झापा

ASM
AADARSHA SCHOOL OF MANAGEMENT

ADMISSION OPEN
DIPLOMA
IN HOTEL
MANAGEMENT

Preparing Future
Ready Professionals
for Hospitality
Industry.

APPLY NOW

AADARSHA SCHOOL OF HOTEL MANAGEMENT
aadarsha.sm@gmail.com
023-546755
9806055500 I 9852626026
Namaste Toll , Birtamode -3, Jhapa Nepal

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

'समर्पित नेतृत्व, सकारात्मक सोच
व्यवसाय बृद्धिमा नयाँपनको खोज'
हार्दिक अपील
बिर्तामोड उद्योग वाणिज्य संघको मिति २०७७
फागुन १६ गते हुन गइरहेको निर्वाचनमा
संयुक्त व्यवसायी प्यानलबाट महासचिव
पदका उम्मेदवार ऊर्जाशील युवा व्यवसायी
तथा उद्योगी अर्जुनकुमार मैनाली
सहित सिंगो टिमलाई अत्याधिक
मतले विजयी गराऔं ।
अर्जुनकुमार मैनाली जिताऔं अभियान
आबद्ध व्यवसाय
KABELI
PSI TMT
OMKAR

दमकमा मोवाइल व्यवसायीको रक्तदान

दमक (प्रस) । दमक मोवाईल व्यवसायी संघले बुधबार दमकमा आयोजना गरेको रक्तदानमा ६० पिन्ट रगत संकलन भएको छ । संघको आठौ स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको रक्तदानमा ३ महिलासहित ६० जनाले रगतदान गरेका थिए ।

रगतको अभाव हुन नदिन संघले बर्षेनि यसरी नै रक्तदान कार्यक्रम गर्दै आएको संघका सचिव दिपेश दाहालले बताए । दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीको प्रमुख आतिथ्यतामा भएको रक्तदानमा दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठ ,मोवाइल व्यवसायीहरुलगायतको उपस्थिति रहेको थियो ।

प्रतिनिधिसभा...

स्थानीयहरुले बाक्लो उपस्थितिमा दीप प्रज्वलन गरी खुशियाली मनाएका छन् । प्रचण्ड- माधव समूहका युवाहरुले मैनबत्ती बालेर नेपालको झण्डा फहराउँदै खुशी व्यक्त गरेका छन् । सर्वोच्चको फैसला संविधान सच्याउन तथा नेपाली जनताको पक्षमा भएको भन्दै सहभागीहरुले दीप प्रज्जवलन गरी खुशियाली मनाएको नेकपा प्रचण्ड -माधव समूहका दमक नगर कमिटीका सचिव तिर्थराज बस्नेत (शंकर) ले बताए । यस्तै सर्वोच्चको फैसलाको खुशियालीमा कमल- ५ स्थित पाडाजुंगीका युवा व्यक्तित्व एलवी विष्टले आफनै घरमा दीप प्रज्वलन गरी खुशियाली मनाएका छन् ।यस्तै कमलका विभिन्न वडामा पनि पनि खुशियाली मनाईएको छ । त्यस्तै झापाको बिर्तामोड , मेचीनगर , बाह्रदशीलगायतका ठाउँमा पनि मंगलबार साँझ दीप प्रज्वलन गरिएको थियो ।

करणी मुद्धाका २ फरार प्रतिवादी पक्राउ

[redacted]

[redacted]

झापा (प्रस) । जबरजस्ती करणी मुद्धाका दुईजना फरार प्रतिवादी पक्राउ परेका छन् ।

झापा जिल्ला अदालतको २०७५ पुष १६गतेको फैसला अनुसार जबरजस्ती करणी मुद्दामा एकन्एक वर्ष कैद तोकिएर हालसम्म फरार रहेका दमक ९ का २० वर्षिय संगम पाँचकोटी र सोही ठाउँका १९ वर्षिय ओम भनिने अमन धिमाललाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । कैद भुक्तानको लागि दुवैलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सूचना

प्रदेश नं. १ झापा जिल्ला बुध्दशान्ति गाउंपालिका वार्ड नं.-०७ स्थायी ठेगाना भई झापा जिल्ला बुध्दशान्ति गाउंपालिका वार्ड नं.-०७ बस्नुहुने, श्री छबीलाल अर्जेलको छोरा, श्रीमती यमुनादेवी अर्यालको पति स्वर्गीय श्री तुलसी राम अर्जेलको मिति २०७७/१०/०७ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको वचत खाता नं. ००६१०१००१०८४९१००००१ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँभनी मृतकको श्रीमती यमुनादेवी अर्यालले मिति २०७७/१०/२९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचनाद्धारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
शाखा कार्यालय बुधबारे
फोन नं. ०२३-५५५४२७

बन्द हडताल र चन्दामुक्त बिर्तामोड हाम्रो अभियान
सुरक्षित व्यवसायिक वातावरण हाम्रो स्वाभिमान
हाम्रो चाहना, सबैको भावना-व्यवसायिक हित
र एकता आजको आवश्यकता ।

लोकतान्त्रिक व्यवसायिक प्यानल उम्मेद्वारहरुलाई अत्याधिक मतले विजयी गराऔं ।

क्रम संख्या: १
प्रकाश शिवाकोटी
अध्यक्ष

क्रम संख्या: २ **राजु न्यौपाने** वरिष्ठ उपाध्यक्ष
क्रम संख्या:२ **सञ्जीव घिमिरे** उद्योग उपाध्यक्ष
क्रम संख्या:१ **राजुकुमार घिमिरे(राजु)** वरिष्ठ उपाध्यक्ष
नैनकला भट्टराई जनसम्पर्क महिला उपाध्यक्ष निर्विरोध
क्रम संख्या:२ **रविन्द्र भट्टराई** महासचिव
क्रम संख्या:१ **कुशल खतिवडा** उद्योग सचिव
क्रम संख्या:२ **राजकुमार शाह** वाणिज्य सचिव
क्रम संख्या:१ **दिपेन्द्र राउत** कोषाध्यक्ष
क्रम संख्या:२ **राधिका चुडाल हुमागाई** सह-कोषाध्यक्ष
क्रम संख्या:४ **जीवन खड्का** सदस्य
क्रम संख्या:५ **दिपक मित्तल** सदस्य
क्रम संख्या:६ **पुकार बराल** सदस्य
क्रम संख्या:८ **बलराम सिटौला** सदस्य
क्रम संख्या:९ **विशाल थापा** सदस्य
क्रम संख्या:११ **मनोज रौनियार** सदस्य
क्रम संख्या:१२ **सन्नी गोयल** सदस्य
क्रम संख्या:१ **तुलशा खनाल ढकाल** महिला सदस्य

"बिर्तामोड उद्योग वाणिज्य संघको आवश्यकता :
व्यवसायिक, कर्मठ एवम् जिम्मेवार नेतृत्वको प्रतिवद्धता"

बिर्तामोड उद्योग वाणिज्य संघको यही फागुन १६ गते हुने निर्वाचनमा
संयुक्त व्यवसायी प्यानलका उम्मेद्वारहरु
लाई मनैदेखि मतदान गरी विजयी गराइदिन हुन अपिल गर्दछौं ।

नारायणप्रसाद चिमरिया वरिष्ठ उपाध्यक्ष क्र.सं. १
सुवास भट्टराई अध्यक्ष क्र.सं. २
अर्जुनकुमार मैनाली महासचिव क्र.सं. १
प्रकाश घिमिरे उद्योग उपाध्यक्ष क्र.सं. १
धनबहादुर डाँगी (डिबी) उद्योग सचिव क्र.सं. २
रामकृष्ण अधिकारी वाणिज्य उपाध्यक्ष क्र.सं. २
कृष्ण पौडेल वाणिज्य सचिव क्र.सं. १
उर्मिला बिमली खरेल जनसम्पर्क उपाध्यक्ष
दुर्गाप्रसाद थपलिया कोषाध्यक्ष क्र.सं. २
रञ्जु प्याकुरेल बराल सह-कोषध्यक्ष क्र.सं. १
गौरीशंकर गुप्ता (टिंकु) खुल्ला सदस्य क्र.सं. ३
बलबहादुर लिम्बु (बिशन) खुल्ला सदस्य क्र.सं. ७
भगिरथ लुइटेल खुल्ला सदस्य क्र.सं. १०
सूर्यकुमार खतिवडा खुल्ला सदस्य क्र.सं. १३
रुची शिवाकोटी न्यौपाने महिला सदस्य क्र.सं. २
गुञ्जन प्रसाई खुल्ला सदस्य क्र.सं. १
श्रृजना अग्रवाल (सोनी) महिला सदस्य क्र.सं. ३
गोविन्द कार्की खुल्ला सदस्य क्र.सं. २
उदय शंकर साहा सदस्य

हाम्रा प्रतिवद्धताहरु:

१. बिर्तामोड बजारको शान्ति सुरक्षा र व्यवस्थित पार्किङ्गको व्यवस्था मिलाउने ।
२. रात्रीकालीन बजार सञ्चालन साथै यातायातको सुविधा र सुरक्षा मिलाउने ।
३. जिम्मेवारी एवम् कर्तव्यसहितको कार्यसमिति ।
४. साप्ताहिक बजार बन्दलाई प्रभावकारी बनाउने ।
५. व्यवसायी मैत्री सचिवालय बनाउने ।
६. सञ्चालित अतिथि सदन भवन, हल र आवास कोठालाई समय सापेक्ष बनाउने ।
७. व्यवसाय गर्न इच्छुकलाई व्यवसायको अवसर, प्रवर्द्धन र लेखासहित विज्ञद्वारा तालिम प्रदान गर्ने ।
८. एब्ल र ख्ब्त दर्तामा व्यवसायीसँग सचिवालयको समन्वयात्मक भूमिका बढाउने ।
९. बीमासहितको राहत कोष स्थापना गरी दैवी विपत्ती र दूर्घटनामा उद्यमी व्यवसायीलाई प्रदान गर्ने ।
१०. बिर्तामोडको फोहोर मैला, सडक बत्तीको व्यवस्थापन तथा मर्मत गर्न समन्वयकारी र दवावमूलक भूमिका खेल्ने
११. बिर्तामोड बजारमा हुने दैनिक कारोबारको रेकर्ड प्रक्षेपण गरी प्रकाशन/प्रसारण गर्ने ।
१२. स्मारिका लगायत गतिविधिसहितको बुलेटिन प्रकाशन गर्ने ।
१३. थोक तथा खुद्रा व्यवसायी बीचको आन्तरिक समस्याको समाधान छलफल र संवादबाट गर्ने ।
१४. व्यवसायीको अभिलेख राखी कार्यालयका दैनिक गतिविधिहरु डिजिटलाइज गर्ने ।
१५. कार्यसमिति, पदाधिकारी र कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गर्ने ।
१६. स्थानीय तहसँग समन्वय गरी बजार विकासका लागि ठोस कार्यक्रम र योजना निर्माण गर्ने ।
१७. कृषि थोक बजार व्यवस्थापन समितिसँग सहकार्य गरी व्यवसायीको हितको कार्यक्रम ल्याउने ।
१८. सामाजिक संघ/संस्थासँग समन्वय तथा साझेदारी गर्ने ।
१९. स्थानीय सरकारको करलाई व्यवसाय अनुसार दर घटाउन पहल गर्ने ।
२०. व्यापार, उद्योगलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा मेला/महोत्सव र प्रदर्शनी संचालन गर्ने ।
२१. विभिन्न उ.वा.संघ, बस्तुगत संघ तथा अन्य निजी क्षेत्रसँगको सहकार्यलाई विस्तार गर्ने ।
२२. सामाजिक सेवा (रक्तदान, स्वास्थ्य शिविर, उद्धार, राहत वितरण आदि) संचालन गर्ने ।
२३. बैंक वित्तिय संस्था र व्यवसायीहरु बीच हुने अन्तरविरोध हलगर्न मध्यस्थकर्ताको भूमिका खेल्ने ।
२४. उद्योग तथा व्यापार क्षेत्रमा विकसित राष्ट्रिय/अन्तर्राष्ट्रिय सुचना, विभिन्न तहका सरकारका सुचना, उद्यमशिलता प्रवर्द्धन सम्बन्धी अनुभव तथा सुचना, सदस्यहरुको विवरण, गुनासाहरु, सुभावहरु साथै संघका हरेक गतिविधि तथा कार्यक्रमहरुलाई पारदर्शी रुपमा प्रस्तुत गर्ने । (वि.उ.वा. एप्स निर्माण गर्ने)
२५. बिर्तामोड उद्योग वाणिज्य संघमा सम्बद्ध व्यवसायी, सहकारी संघ/संस्था तथा सबै तहका सरकारको लगानीमा उद्योग, व्यापार तथा पर्यटनलाई प्रवर्द्धन गर्न बृहत बिर्तामोड बिजनेश पार्क पब्लिक लिमिटेड कम्पनीको स्थापना गर्ने र प्रदर्शनी स्थलको निर्माण गर्ने ।
२६. बुधबारे हटियामा भएका व्यवसायीहरुका समस्या समाधान गर्न स्थानीय तहसँग समन्वय गर्ने ।
२७. उपभोक्ताहरुको आगमन सहज बनाउन तत्काल चार वटा स्काई-वे निर्माण गर्न सरकारसँग पहल गर्ने ।

gj ;~rf/ uk kl|ln-åf/f kl|sflzt tyf gj ;~rf/ ck ;]df dlbl|t sfo{fno ebk|/ a; :6]8 klZrd, uh/dvL6f]h, latf{df]8 -emfkf_ kmf]g g+)@#–%$#*@) 0d]n pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

संवैधानिक सर्वोच्चता

प्रतिनिधिसभा विघटन बदर भएलगत्तै हरेक नेपालीमा उल्लास छाएको छ । सुन्दर भविष्यको आशा जागेको छ । अहिले नेपाल र नेपालीको भविष्यबारे आमजनले चिन्तन–मनन गर्न थालेका छन् । नेपालमा राजनीतिक अस्थिरता एउटै कारणले उत्पन्न हुने गरेको होइन, तर प्रतिनिधिसभा अस्थिरताको स्रोत नबनोस् भन्ने जनआकांक्षा छ । प्रतिनिधिसभा विघटनको ६६ दिनपछि सर्वोच्च अदालतले मंगलवार विघटनसम्बन्धी निर्णय बदर गर्दै संसदीय सर्वोच्चतालाई स्थापित गरिदिएको हो ।

सरकार सञ्चालनमा पार्टीले असहयोग गरेको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते प्रतिनिधिसभा विघटनको सिफारिस गरेका थिए ।

मन्त्रिपरिषद्को सिफारिश अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभा विघटन गरी वैशाख १७ र २७ गतेका लागि चुनाव घोषणा गरेकी थिइन् । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा नेतृत्वको संवैधानिक इजलासले मंगलवार गरेको फैसलाले ट्र्याकबाहिर गएको संविधानलाई फेरि ट्र्याकमा ल्याइदिएको छ, अर्थात् संवैधानिक सर्वोच्चताको पुनःपुष्टि गरेको छ ।

संविधानमा भएको व्यवस्थाविपरीत प्रधानमन्त्रीले मनोगत ढंगले प्रतिनिधिसभा विघटन गर्न नपाउने सर्वोच्चको फैसलाले प्रस्ट पारिदिएको छ । सर्वोच्चको मंगलवारको फैसला यस अर्थमा पनि दूरगामी छ, भविष्यमा कुनै प्रधानमन्त्रीले गलत ढंगले संसद् विघटन गर्ने सम्भावनालाई ब्रेक लगाइदिएको छ ।

सर्वोच्चको मंगलवारको फैसलाले संविधानको लिखित प्रावधान परम्परागत सिद्धान्त र विदेशी अभ्यासभन्दा माथि हुन्छ भन्ने कुरा स्थापित गरिदिएको छ । प्रधानमन्त्री केपी ओली र सर्वोच्चमा बहस गरेका सरकारपक्षीय वलिकहरूले प्रतिनिधिसभा विघटन संसदीय व्यवस्थाको मूल मर्म र अन्तर्राष्ट्रिय प्रचलन रहेको जिकिर गर्दै आएका थिए । सर्वोच्चको फैसलापछि प्रस्ट भएको छ, नेपालमा प्रतिनिधिसभा विघटन प्रधानमन्त्रीको विशेषाधिकार होइन । प्रतिनिधिसभाले पाँचवर्षे कार्यकाल पूरा गर्न पाउनुपर्छ भन्ने पनि अदालतको फैसलाको मर्म हो । मंगलवारको ऐतिहासिक फैसलाले नेपालको सर्वोच्च न्यायालय संवैधानिक दायित्व निर्वाह गर्न स्वतन्त्र र सक्षम छ भन्ने कुरा पनि पुष्टि गरेको छ ।

संवैधानिक सर्वोच्चताको जीत– 'अब तेरा क्या होगा कालिया ' ?

❖ दिलनिशानी मगर

खै किन हो पछिल्लो समय केपी शर्मा ओलीको हाउभाउ र भाषण गर्ने शैली निकै फरक देखिन्थ्यो । उनले विभिन्न आवाज निकालेर क्यारिकेचर गर्न समेत भ्याए ।

प्रधानमन्त्रीको हाउभाउ र क्यारिकेचर देख्दा लाज लागेर शरीरको हड्डीमै काउकुती लागेजस्तो भएको थियो। एउटा देशको कार्यकारी प्रधानमन्त्रीको तहबाट यो सबै कुरा आवश्यक थियो त ?

शतप्रतिशत थिएन किनकी उनी नेकपा नामको दलको नेता थिए । उनी प्रधानमन्त्री त सिंगो देशको थिए । तर उनले आफू प्रधानमन्त्री हुँ भन्ने कुरा नै बिर्सिएको भान हुन्थ्यो ।

बरु जातका आधारमा 'अब प्रचण्डलाई झाँक्रीले पनि बचाउन नसक्ने' भन्दै निम्छरो राजनीतिक संस्कार प्रदर्शन गरिरहेका थिए । उनको भाष्य निकै 'स्ट्रेसफूल' थियो ।

जे होस् ओलीको उखान टुक्काको विशाल साम्राज्य कसैले ध्वस्त बनाउन चाहिँ सक्दैन ।

ओलीले संविधानमाथि जुन प्रहार गरे त्यो गल्तीको माफी त भगवान पशुपतिनाथको शिरमा सुनको गजुर हालिदिएर मात्रै हैन हिरामोतीकै गजुर हिलिदिएर पनि मिल्दैन ।

भगवान् पशुपतिनाथ मान्छेले सुन्ने गरी बोल्नुहुन्न । धेरैले पुकार्छन्, र आम जनताबाट धार्मिक आस्थाको फाइदा लिन खोज्छन् । तर भन्नैपर्छ भगवान् पशुपतिनाथले माफ नदिएका पात्रहरू यो देशमा धेरै छन्। म त्यतातिर कुरा मोडेर यो लेखलाई थप क्रिटिकल बनाउन चाहन्न । सरी ! तर छक्कै पर्ने कुरा छ । केपी ओलीका कार्यकर्ताहरू कार्यकर्ता हैन सुगा भइसकेका थिए । ओलीले जे भन्यो, जस्तो बन्यो त्यसैको सिको गरेर त्यही नै अन्तिम सत्य हो भन्दै थिए ।

लिखित संविधान हाम्रो हातमा थियो, तर तिनीहरू नाइजेरियाको उदाहरण पेश गर्दथे । ओलीले जहाँजहाँ भाषण गरेर जे-जे भन्छन्, जस्तो भाष्य र लवजमा आफ्ना कुरा गर्छन्, सहभागी मानिसहरूले परर ताली पिटेर गलल हाँस्ने गरेका थिए । मानौं कि हाँस्नु नै संगठित कार्यकर्ता हुनुको प्रमाण हो । वास्तवमा ओलीलाई गलत बाटोतर्फ उक्साउन ऊर्जा दिने तिनै खलपात्रहरू थिए ।

ओलीले १४ वर्षे जेलजीवनका बारेमा कुरा गरिराख्छन् । जेलभित्र बसेर ओलीले सिकेको, अध्ययन गरेको लोकतन्त्र फगत यही उखान टुक्कासँग मिस्सिएको अट्टहास हाँसो मात्र थियो त ? हैन भने राजनीतिमा विचार/दर्शन प्रधान हुने हैन र ? जबजकै कुरा पनि उनको मुखबाट एकपटक सुन्न पाइएको छैन । ओलीले पछिल्लो समय बाटोमा आफ्नो शरीरको डमी मूर्ति बनाएर कुनै प्रदर्शनीमा राखिएको कलात्मक वस्तु जस्तो खडा गराएका थिए । के ओलीलाई आफू महात्मा गान्धी जस्तै महान बनेको भ्रम थियो ? कुशल सारंगीबादक एवं लोकगायक स्वर्गीय तीर्थबहादुर गन्धर्वले गाउनुभएको एउटा कालजयी लोकगीत 'बल्ल पऱ्यौ निरमाया माकुरी जालैमा' भन्ने बोलको गीतमा निकै छलकपट गरेर झुक्याइरहेकी प्रेमिका अन्ततः प्रेमीकै पञ्जामा परेको सन्देश छ ।

यहाँ पनि प्रधानमन्त्री ओली अन्ततः संविधानकै जालमा परेका छन् । केपी ओलीलाई बा भन्नेहरूलाई यतिखेर भन्नैपर्छ, 'बल्ल पऱ्यौ केपी बा माकुरी जालैमा !'

अँ, एउटा कुरामा चाहिँ ओलीलाई धन्यवाद दिनै पर्छ । उनकै असंवैधानिक कदमका कारण हरेक मान्छे यहाँ वकिल बराबरको तर्क गर्ने भैसके ।मलाई पनि नैसर्गिक हकबाहेक कानूनका अन्य कुराको 'क' पनि थाहा थिएन। तर अब त म पनि सानोतिनो वकिल बराबरको तर्क पेश गर्ने भैसकें । एकपटक सार्वजनिक अपराधको सजाय के-के हुने रहेछ भनेर हेरेको थिएँ, हेर्दाहेर्दा झ्याउ लागेर पढ्न त्यागिदिएँ । तर यसपटक भने आँखा टल्काइटल्काइ, परेली चम्काइचम्काइ संसद् विघटन हुने स्थितिको सन्दर्भका धारा उपधारा पढें । जसअनुरूप मैले ३ हप्ताअगाडि नै सामाजिक सञ्जाल फेसबूक र ट्विटरमा एउटा स्टाटस पोस्ट गरेको थिएँ- 'संसद् पुनर्स्थापित भएरै छाड्छ । यदि भएन भने मेरो कान काटेर पिपलको पातमा राख्दिन्छु ल । मगरको छोराको प्रतिबद्धता नै भयो ।' नभन्दै संसद् पुनर्स्थापित भयो। मैले काम काटेर पिपलको पातमा राख्नु परेन । मलाई लाग्दैन मेरो कान काट्नबाट जोगाउका लागि मात्र सर्वोच्च अदालतले यति महत्वपूर्ण निर्णय लिएको हो । किनकी मेरो कानभन्दा संविधानको सर्वोच्चता ठूलो हो।

भावनात्मक कुरा यहीँ छाडौं । अब व्यावहारिक कुरा गरौं । प्रतिनिधिसभा पुनर्स्थापनासँगै अब प्रधानमन्त्री (मचाहिँ काम चलाउ प्रधानमन्त्री भन्छु) केपी ओलीसँग नैतिकताको आधारमा राजीनामा दिनुबाहेक अरू विकल्प देख्दिनँ । सबै कुरा थाहा पाउने म शेरबहादुर देउवाको ज्योतिषी त हैन तर अब ओलीसँग अरू विकल्प छैन ।

ओलीसँगै संविधान विपरीतको काममा भाग लिने र ठप्पा लगाउने राष्ट्रपतिले पनि नैतिकताका आधारमा राजीनामा दिनुपर्छ । यदि उनीहरूले यसो गरेनन् भने महाअभियोग लगाएर तुरुन्तै हटाउनु पर्दछ । केपी ओलीले अब मेरो कमजोरी भयो, मैले गल्ती गरेँ भन्दै नेपाली जनतासँग माफी माग्नु पर्छ । तर उनले त्यसो गर्लान् भनेर सोच्नु हिमालमा आगलागी हुनुजस्तै हो । यो महान् काम उहाँबाट सम्भव छैन । यसो हुँदा अब उनले मन्त्रीहरूसँग बिदा माग्दै अन्तिमपटक मन्त्रिपरिषद्को अन्तिम बैठक डाक्न सक्छन् । जे भयो भयो, हाम्रो राजनीति सकिएको छैन भनेर मुख अमिलो पार्न सक्छन् । राजनीतिक वैधता पनि ओलीसँग अब बाँकी छैन। राजनीतिमा विचार र संगठनको बल प्रधान हो नै तर नैतिक बल पनि मुख्य हो । केपी ओलीले जब प्रतिनिधिसभा भंग गरेर लोकतान्त्रिक गणतन्त्रको कुर्ची भाँच्न खोजे त्यस दिनदेखि नै उनीसँग नैतिक बल रहेन ।

नेकपा विभाजन गर्न संसदीय दलमा र केन्द्रीय कमिटी दुबैमा ४० प्रतिशत चाहिन्छ । उनले संसद् अपहरणको काण्ड रचे । उनको सपना बीचमा नै तुहियो । संसदीय दलमा पुगे पनि केन्द्रीय कमिटीमा केपी ओलीको ४० प्रतिशत संख्या पुग्दैन । अब ओलीसँग अघि नै उल्लेख गरिएजस्तै प्रधानमन्त्री पदबाट पहिले र त्यसपछि अध्यक्ष पदबाट राजीनामा दिएर नेकपा एकतालाई पुस ५ अघिकै स्थानमा लाने विकल्पमात्र बाँकी देखिन्छ । तर ओलीले त्यसो गर्ने छैनन् । अर्कातर्फ वाम एकताका नाममा केपी ओलीसँग कुनै पनि रूपमा एकता नहुने प्रचण्डले बताइसकेका छन् ।

बरु आफैंले विघटन गरेको प्रतिनिधिसभामा जान ओलीले लाज मान्ने छैनन् । अलिकति नैतिकता छ भने लाज मात्र हैन महालाज हुनुपर्छ । हिजोसम्मको भाषण सुन्दा उनलाई आफूले गलत गरिरहेको छु भन्ने जिरो प्रतिशत पनि आभाष थिएन । बरू झन् भन्दा झन् जंगिएर आरोप प्रत्यारोपमा उत्रिएका थिए । जे होस्, त्यो उखान टुक्का अनि हाँसो, हुने भयो अब त गलपासो !

उनको त्यस प्रकारको हीनताबोध बिहान मुहार चित्रका कारण उनी टसमस हुने छाँटकाँटमै थिएनन् । धेरैले सेना परिचालन हुन्छ, संकटकाल लाग्छ भनिरहेको थिए। तर मलाई भने सर्वोच्च अदालतप्रति भरोसा थियो। किनकी राजालाई साथ नदिएको नेपाली सेनाले राजनीतिक, नैतिक, संवैधानिक र विश्वासको महासंकटमा परेका प्रधानमन्त्रीलाई काँध थाप्ला भन्ने विश्वास राजनीति नबुझेका सतही मानिसहरूले मात्र गर्ने हो ।

कुनै जमानामा राजाको चमकधमक चल्दाको बखतमा समेत सर्वोच्चले शाही आयोग नै खारेज गरिदिएको बलियो नजिर हाम्रोमाझ उपस्थित थियो ।

के केपी ओलीको विरासत राजाको भन्दा महान् थियो र ? के केपी ओलीको शक्ति राजाको भन्दा विशाल थियो र? पक्कै पनि थिएन । केपी ओलीको जरा र हाँगा केवल प्रतिनिधिसभासँग गाँसिएको थियो। र त्यो जरा र हाँगाका नाममा जनताले पठाएका वारेसहरू संसदका नाममा उपस्थित भएका थिए ।

केपी ओलीले एउटा यस्तो सूत्र निर्माण गरेका थिए कि त्यो सूत्र अनुसार त जरा र हाँगाविना नै रुख उभिनुपर्थ्यो जुन प्राकृतिक रूपमा सम्भव नै थिएन । हामीसँग भएको लिखित संविधान पनि त्यही प्रकृतिको नियम बराबरको हो । अहिले ओली खेमाका मानिसहरूले अब सासंद किनबेच हुन्छ भनेर ठाडै भन्न थालेका छन्। र हिजोको दिनमा पार्टी फुटाउनका लागि संसद समेत अपहरण गर्न पछाडि नपरेको कुरा उनीहरूले बिर्सिएका छन्। राजनीति फोहोरी खेल त हैन तर शासकहरूले फोहोरी बनाउने हुन् । केपी ओली जसले प्रतिनिधिसभा विघटन गरेर अस्थिरताको बीजारोपण गरे उनैले स्थिरताको गीत गाउनु सूर्य चिह्न मेरो हो भने जस्तै हो । वास्तवमा सूर्य चिह्न त आकाशको हो । सम्मानित अदालतको फैसला मान्नुपर्छ । तर यसले मुलुकको जटिल राजनीतिलाई निकास भने दिँदैन भन्ने तर्क केवल रुवाबासी मात्र हो। हिन्दी चलचित्र शोलेका चर्चित खलपात्र गब्बर सिंहको एउटा डाइलग प्रख्यात छ- 'अब तेरा क्या होगा कलिया !' कलिया पनि गब्बरसिंह जस्तै खलपात्र नै हुन् । १९७५ को दशकमा बनेको यो चलचित्रका हरेक पात्र यादगार छन् ।

कलिया नामका पात्रले गब्बरसिंहलाई जवाफ फर्काउँछन्- 'सरदार मैने आपको नमक खाया है सरदार' तर यस्तो जवाफ गब्बर सिंहलाई मन पर्दैन र भन्छन्- 'अब गोली खा !'यहाँ गोलीको त कुरा नगरौं, उनीहरूले सम्मानित सर्वोच्च अदालतको दनकचाहिँ राम्रोसँग भेटेका छन्। भन्छन् नि भित्तामै पुग्ने गरी । जसले असंवैधानिक प्रतिनिधिसभा विघटनको पृष्ठपोषण गऱ्यो उनीहरू भित्तामै पुगेका छन् । नेपाली राजनीतिमा धेरै प्रकारका गब्बर सिंहहरू जन्मिए जसले लोकतन्त्रको घाँटी निमोठ्न प्रयत्न गरे। लोकतन्त्रको पक्षमा आन्दोलनरत नागरिकहरूलाई चिडियाखाना पुऱ्याउने धम्की दिए । म नै राज्य हुँ, मबाहेक अरू सबै प्रजा हुन् भन्ने भ्रम पाले । अन्ततः केपी ओलीको जन्मदिनकै शुभ साइतमा सर्वोच्च अदालतको उपहार उपलब्ध भयो। भन्नै मन लागेको छ, अब तेरा क्या होगा टोपबहादुर ? किसने किसका नमक खाया है रामबहादुर ? नागरिक अधिकारकर्मी देवेन्द्रराज पाण्डेको भनाइ जस्तै सर्वोच्चले संवैधानिक मर्म, मान्यता कायम गर्न गराउनमा आफू साँच्चिकै सर्वोच्च रहेको सावित गऱ्यो । आफ्नो मर्यादाको रक्षा गऱ्यो । अब असंवैधानिक कार्य गर्ने/गराउने राजकीय पदाधिकारीहरूले आ-आफ्नो मर्यादाको रक्षा गर्ने पालो हो । किनकी काकाको लाहुर भैरहवासम्म भन्ने एउटा चर्चित उखान छ । आज ठीक त्यस्तै भएको छ । केपी ओलीको असंवैधानिक कदमको यात्रा सर्वोच्च अदालतसम्म पुगेर टुंगिएको छ । उनको दम्भ, अहंकार र आत्मकेन्द्रित फोहोरी राजनीतिमाथि 'संवैधानिक ब्रेक' लागेको छ। ओलीको यस प्रकारको जघन्य अपराधलाई लगाम लगाउन नागरिक समाजको पनि निकै ठूलो भूमिका रहेको छ । उनीहरू बधाईका पात्र छन् । संसारभरि राजनीतिक आन्दोलनको विश्वसनीयता मानिसहरूले नागरिक आन्दोलनमा पुगेर खोज्ने गर्छन्। यो मान्यता नेपालमा पनि स्थापित भएको छ । देशको परिस्थिति के होला, कसो होला भनेर मानिसहरू सडकमा सेनाले तालिम गर्दा पनि डराइरहेको स्थिति थियो तर अन्ततः संसद् पुनर्स्थापना गर्ने सर्वोच्चको फैसलासँगै लोकतन्त्रको फेरि एकपटक जीत भएको छ । संवैधानिक सर्वोच्चताको रक्षा भएको छ । जनतालाई न्याय मिलेको छ । संसद् विघटन गर्ने निर्णय बदरको फैसला गर्ने सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसी धन्यवादका पात्र छन् । नेपालको संविधानका पक्षमा गरिएको फैसला नेपाली इतिहासले सदैव स्मरण गरिरहनेछ । भनिन्छ, एक युगमा एकपटक संविधान सभा आउँछ । सायद एक युगमा एकपटक नै देशको कार्यकारी प्रधानमन्त्रीबाट संविधानमाथि हुने प्रहारलाई चेक एण्ड ब्यालेन्स गर्ने अवसर पनि आउँछ । न्याय मरेको छैन भन्ने आभास नेपाली जनताको मनमा पुनः पलाएको छ । अब न्याय नपाए गोरखा हैन सर्वोच्च अदालत जाऔं भन्न सकिने भएको छ । प्रतिनिधिसभा विघटन बदरको फैसलाले कुनै एक शासकको चाहनाले नेपाली राज्यको शक्ति सन्तुलनलाई हल्लाउन सक्दैन भन्ने नजिर पनि स्थापित गरेको छ । यो नजिर अबका अरू शासकका निम्ति पनि हो । प्रतिनिधिसभा भंग गरेर ओली त्यतिमै रोकिएका थिएनन् । प्रतिनिधिसभा भंग गर्ने सिफारिस गर्दा नै प्रधानमन्त्रीले राजीनामा गरेर अर्को सरकार नबन्दासम्म 'कामचलाउ' हैसियतले सरकार चलाउनुपर्थ्यो । तर त्यसो हुन सकेन बरु अस्तिका दिनसम्म आफ्नो चाकडी गर्नेहरूलाई राजनीतिक नियुक्तिको तोफा दिन ओली लागिरहे । यसका साथै ओलीले पुस ५ गते नै राजीनामा नदिएर संसदीय परम्परा र मान्यता उल्लंघन गरेका थिए । प्रतिनिधिसभा विघटन गरेपछि उनले संवैधानिक निकायमा नियुक्ति गर्नेदेखि अरू पनि थुप्रै नियुक्ति गरेका छन् । संसदीय सुनुवाइविनाका ती नियुक्तिहरू पनि अब क्रमश खारेज गरिनुपर्दछ ।अँ साँच्ची यी सारा खेलमा पर्दा पछाडि शीतल निवासबाट महामहिमको ठूलो भूमिका छ । त्यसबारे भविष्यमा लेखौंला है ?

सन्की शासकलाई सर्वोच्चले सिकाएको सबक

–राजन कुईंकेल

नेपालको राजनीतिक तथा संवैधानिक इतिहासमा ११ फाल्गुण २०७७ एउटा ऐतिहासिक दिनका रुपमा चित्रित हुनेछ । जसरी १२ भदौं २०५२, नेपालको राजनीतिक/संवैधानिक इतिहासमा पढ्नै पर्ने एउटा मिति बनेर अंकित छ । संविधानको कुनै धाराले नदिएको अधिकार प्रयोग गर्दै प्रधानमन्त्री केपी ओलीले पुस ५ मा गरेको प्रतिनिधिसभा विघटन सिफारिस र राष्ट्रपतिबाट भएको सदरलाई सर्वोच्च अदालतले एक श्वरमा असंवैधानिक भएको फैसला गरिदिएको छ । पार्टीभित्रको कुर्सी झगडामा जनताको प्रतिनिधिमूलक संस्था नै ध्वंस गर्ने प्रधानमन्त्री ओलीको कदम संवैधानिक र राजनीतिक दुबै रुपले सही नभएको निष्कर्ष सर्वोच्चले निकालेको छ । उसो त, २०५२ र यस पटकको अदालती फैसलामा केही अहं भिन्नता छन् । तात्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय नेतृत्वमा गठित ११ सदस्यीय वृहत इजलाशले एकमतले निर्णय दिन सकेको थिएन । तर, यस पटक प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा नेतृत्वको पाँच सदस्यीय संवैधानिक इजलाशका न्यायाधीश प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री ओलीको कदम असंवैधानिक रहेकोमा सर्वसम्मतिमा पुगेका छन् । २०५२ भदौंको सर्वोच्चको फैसलाले तात्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले गरेको संसद विघटनलाई सदर गरेको थिएन भने यस पटक प्रधानमन्त्री ओलीले गरेको विघटनलाई पनि असंवैधानिक भन्दै बदर गरिएको छ । त्यसको ठीक एक वर्षअघि २०५१ सालमा गिरिजाप्रसाद कोइरालाले गरेको संसद विघटनमा भने सर्वोच्चका उनै प्रधानन्यायाधीश उपाध्यायले बहुमतको प्रधानमन्त्रीले संसद विघटन गर्न सक्ने भन्दै मध्यावधिमा जाने निर्णय सदर गरिदिनुभएको थियो । जबकी अल्पमतका प्रधानमन्त्री अधिकारीको सिफारिसलाई भने अदालतले मान्यता दिएन । त्यसो त, संसद विघटनका आधार र अधिकारहरुको संवैधानिक प्रबन्ध नै २०४७ को संविधान र २०७२ को संविधानमा आकाश-पातालको अन्तर भएको विषयलाई यहाँ छुटाउनु हुन्न ।

आफ्नो शासकीय कमजोरीलाई नस्वीकार्ने, म नै राज्य हूँ भन्ने अहम् र घमण्ड देखाउने, दशकौंदेखि जनताले लडेर ल्याएको राजनीतिक/संवैधानिक उपलब्धिलाई ध्वंस गर्न किञ्चित बेर नलगाउने ओली प्रवृत्तिलाई सर्वोच्चको निर्णय गज्जबको झापड हो । राज्यका अंगहरुबीच सन्तुलन र नियन्त्रणको अवस्था नस्वीकार्ने, उल्टै शक्तिको केन्द्रीकरण गर्ने, सर्वसत्तावादी सोचमा निर्लिप्त बन्न खोज्दाको परिणती हो, सर्वोच्च अदालतले चलाएको सीमादण्ड । असंवैधानिक कदम चाल्ने तर उल्टै अदालतलाई समेत आफूनुकूल निर्णय गराउन धम्की र दबाब दिने ओली शैली आफैमा आलोच्य थियो नै । पदमा टिक्न आफ्नो र अर्काको पार्टी विभाजन गर्न दल टुक्र्याउने अध्यादेश रातारात जारी गर्ने मात्र होइन, कोरोना कहरका बीचमा रातारात सांसद अपहरण गर्नेसम्मको हर्कत गर्न नहिच्किचाउने आपराधिक कर्म स्वयं प्रधानमन्त्री ओली र उहाँद्वारा खटाइएका उहाँनिकट व्यक्ति र पूर्वआइजीपीसमेतबाट गरिए ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनका सन्दर्भमा निर्वाचन आयोगसमेत अनिर्णयको बन्दी बन्नुको कारण प्रधानमन्त्री ओलीको दबाब र प्रभाव भएको उसैगरी सुनिएकै हो । आफ्ना विरोधीहरुलाई संवैधानिक दण्ड बर्साउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतमा आफ्ना भक्त/सेवक, अनुचरहरुको भर्ती गराउन अध्यादेशमार्फत् संवैधानिक परिषदको ऐन नै संशोधन गराउनु अर्को अराजनीति कदम थियो ।

प्रधानमन्त्रीको एकलौटी चाहनालाई सभामुख र प्रतिपक्षी दलका नेताले नसघाएको भन्दै उनीहरुको अनुपस्थितिमै पनि बैठक गर्न सकिने, सर्वसम्मतीको साटो बहुमतीय बाटोबाट परिषद बैठक बस्न सक्ने व्यवस्थासहितको अध्यादेश राष्ट्रपतिबाट स्वीकृत गराएपछि उहाँको नियत छर्लिंगिँदै गएको थियो ।

अध्यादेशबाट पुनर्गठित संवैधानिक परिषद बैठक संसदका प्रमुख प्रतिपक्षी र सभामुखसमेतले बहिष्कार गर्दा सहभागी भएर प्रधानमन्त्री ओलीको कदमलाई साथ दिएकामा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाप्रति धेरैको संशय थियो । कतै प्रतिनिधिसभा विघटन गर्ने कदमसम्ममा राणाको समर्थन त छैन ? भन्ने । यदि त्यसो भएमा त्यसको प्रत्यक्ष प्रभाव विघटन असंवैधानिक भन्दै परेको मुद्दाको सुनुवाई र फैसलामा पर्नसक्ने आंकलन धेरैलाई थियो । अझ सरकारले ल्याएको परिषद अध्यादेश र त्यसमार्फत् गरिएका नियुक्तिहरु खारेजीको माग गर्दै परेका मुद्दाको सुनुवाईसमेत टाल्दै लैजानुले उहाँमाथि आशंकाका बादलहरु मडारिएका थिए ।

आफ्नै कार्यालयमा आएको मुद्दा सुनुवाईको मितिसम्म नतोकी परिषदले नियुक्त गरेका पदाधिकारीहरुको शपथ गराउन पुग्नुले प्रधानन्यायाधीश राणाको संविधानप्रतिको आस्थामाथि नै पनि प्रश्न गर्नेहरु प्रशस्तै थिए । त्यसमा पनि संवैधानिक अंगहरुमा नियुक्त पात्रहरु उहाँको रोजाईकासमेत भएको खबरले त न्यायालय कतै एउटा सन्की शासकको प्रभावमा बन्दी त हुन्न भन्ने संशय थियो । त्यसमाथि थपिएको थियो, संवैधानिक इजलाश गठनमा भएको माथापच्छी । जसले न्यायालयप्रति संशयपूर्वक औंला ठड्याउन चार जना पूर्वप्रधानन्यायाधीश नै पनि बाध्य भएका थिए । जसले जीवन नै संविधान र विधिको रक्षाका लागि समर्पण गरे उनीहरुमाथि अदालतको अवहेलना गरेको आरोप लाग्यो र बयानका लागि सशरीर सर्वोच्चमा डोहोरिनुपऱ्यो ।

तर, दुई महिना लामो सुनुवाईपछि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा नेतृत्वको संवैधानिक इजलाशले फैसला सुनाउन ढिलाई नगरेर अनेकन कुनाबाट चालिन सक्ने षड्यन्त्रको तानाबानालाई अन्त्य मात्रै गरिदिएन, सन्की शासकले च्यातेर रछ्यानमा मिल्काएको संविधानलाई टक्टक्याएर फेरि तखतामा राखिदिएको छ । अब मुलुक र जनतालाई कस्तो व्यवस्था दिने, कसरी आम नागरिकका आकांक्षाहरुलाई सम्बोधन गर्ने भन्ने गुरुत्तोर दायित्व प्रधानमन्त्रीको कदमविरुद्ध रहेका स्वयं नेकपाभित्रका दाहाल-नेपाल खेमा, नेपाली कांग्रेस र बाँकी दलहरुको काँधमा पुगेको छ । विघटित प्रतिनिधि सभा ब्युँताएपछि २०५२ सालताका देखिएका विद्रूप दृष्य फेरि पुनरावृत्त गराउने वा अदालतले जगाइदिएको एउटा अवसरलाई वाह भन्ने बनाउने दायित्व पुष्पकमल दाहाल, माधव नेपाल, शेरबहादुर देउवाहरुको काँधमा पुगेको छ ।

संसद विघटन गरेपछिको यो दुई महिनामा मुलुकको कार्यकारी र संवैधानिक दायित्व एवं भूमिकामा रहेकाहरुबाट प्रदर्शित बोली व्यवहार साह्रै नै निन्दनीय रह्यो । आम नागरिकको आस्था र विश्वास कायम राख्नुपर्ने भूमिका भएका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुखदेखि न्यायाधीशसम्म दलीय जामाको दलदलबाट माथि उठ्न नसकेका विद्रूप दृष्य पटक पटक हेर्न बाध्य भइयो । प्रधानमन्त्रीको हल्काराका रुपमा राष्ट्रपतीय भूमिका, विद्रोही नेताझै उपराष्ट्रपति हूँकार, टुँडिखेलको मञ्चमै उपराष्ट्रपतिलाई हकार्ने प्रधानमन्त्री शैली, मुद्दा बोकेर अदालत पुग्ने सभामुख चरित्र, विवादित विषय निरुपण नभई आफैंले शपथ दिलाउने प्रधानन्यायाधीशको खण्डित विधिशास्त्रीय मान्यता यस अवधिका कुरी कुरी लाग्ने दृष्य हुन् ।

अझ कुर्सी झगडाका कारण विभाजनको डिलमा पुगेको नेकपाका अध्यक्ष केपी ओली, पुष्पकमल दाहाल, माधव नेपाललगायत नेताले एकार्कामाथि लगाएका सत्तोसराप वृत्तान्त त शब्दमा उतार्न पनि हामीलाई संकोच लाग्छ । दशकौंदेखिका आफ्ना सहयात्री मित्रहरुलाई जिउँदै श्रद्धाञ्जलीसम्म दिन पछि नपर्ने राजनीतिक दूराग्रह यही घृणित राजनीतिको उपहार बनेको देखियो । एकले अर्कालाई अपराधी, हत्यारा, भ्रष्टाचारीदेखि बलात्कारीसम्मको आरोप वर्षा गर्न उनीहरु चुकेनन् । राजनीतिक स्खलन र पदीय लालचको तृष्णा उसैगरी पोखिए ।

जोहोस्, यी तमाम विकृतीमाथि कलमी चिरफार त गर्दै गरौंला तर, यस पटक प्रधानन्यायाधीश राणा, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीले सन्की शासकलाई संवैधानिक सीमा ननाघ्न सचेत गराउँदै संविधानको चीरहरण हुनबाट जोगाएकामा धन्यवाद भने दिनै पर्दछ ।

अर्जुनधारामा कार्डियक डाइबेटिक क्लब गठन

अर्जुनधारा (प्रस) । झापाको अर्जुनधारा नगरपालिकामा पहिलोपटक कार्डियक डाइबेटिक क्लब गठन भएको छ। यो क्लब प्रदेश १ मै पहिलोपल्ट गठन भएको दाबी गरिएको छ ।नगरमा रहेका उच्च रक्तचाप र मधुमेहका बिरामीलाई लक्षित गरी नगरस्तरीय क्लब गठन गरिएको हो । नगर स्वास्थ्य शाखाको आयोजनामा बुधबार आयोजित कार्डियक डाइबेटीक क्लब उद्घाटन समारोह तथा अभिमुखीकरण कार्यक्रममा क्लबबारे जानकारी दिइएको हो ।नसर्ने रोगको कारणले गर्दा हुने मृत्यु दरलाई कम गर्ने अवधारणाअन्तर्गत नसर्ने रोगहरुमध्ये उच्च रक्तचाप र मधुमेहका बिरामीहरुलाई लक्षित गरी नगरको सबै वडा र टोलमा पनि क्लब गठन हुने स्वास्थ्य शाखाका संयोजक मुकुन्द बस्नेतले बताए ।उनका अनुसार नगर प्रमुख हरिकुमार राना क्लबका संयोजक रहेका छन् भने उपप्रमुख कमला खतिवडा आचार्य सहसंयोजक, प्रमुख कार्यकारी अधिकृत, सामाजिक विकास समितिका संयोजक, ११ वटा वडाका अध्यक्षहरु सदस्य र स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहनेगरी क्लब गठन गरिएको हो ।क्लबका सदस्य सचिव तथा स्वास्थ्य शाखा प्रमुख बस्नेतका अनुसार नगर प्रमुखको सिफारिसमा अन्य तीन जना सदस्य थप गरिनेछ। उनका अनुसार एक साताभित्र वडास्तरीय क्लब र टोलस्तरीय क्लब पनि गठन भइसक्नेछ ।कार्यक्रमअन्तर्गत क्लब गठन तथा अभिमुखीकरणका लागि दुई लाख ५० हजार र औषधि खरिद गर्न १२ लाख ५० हजार रुपैयाँ बजेट स्वीकृत भएको बताइएको छ। सबै वडाको टोल-टोलमा गठन हुने क्लबको लागि हालसम्म अर्जुनधारा-२, ५, ८, ९ र १० नम्बर वडाबाट नामावली प्राप्त भएको संयोजक बस्नेतले बताए। उनी भन्छन्, 'क्लब सञ्चालनको लागि आवश्यक कार्यविधि तयार भइसकेको हुँदा एक साताभित्र क्लब गठन गर्नेछौं ।'क्लब सञ्चालनमा आएपछि टोल टोलमा रहेका बिरामीले बिमामार्फतको औषधि आफ्नै वडाको स्वास्थ्य कार्यालयबाट सेवा लिनेछन् । शनिश्चरे अस्पतालबाट लिँदै आएको औषधि वडाबाट उपलब्ध हुने भएको छ । तर, अन्य पालिकाका सेवाग्राहीले भने यो लाभ लिन सक्ने छैनन् ।नगर प्रमुख तथा क्लबका संयोजक रानाले नगरबासीप्रति वडाध्यक्षहरुलाई अझ बढी जिम्मेवार बनाउँदै वडामार्फत् सेवा प्रवाह गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको बताए । त्यस्तै सुरुवाती कार्यक्रम भएको हुँदा हाललाई सीमित बजेट भएपनि आगामी दिनमा बिरामीहरुको तथ्याङ्कलाई हेरी आवश्यक बजेट विनियोजन गर्ने नगर उपप्रमुख आचार्यले बताइन् ।कार्यक्रममा वडाध्यक्षद्वय पुष्पप्रसाद प्रसाईं र भैरवबहादुर खड्का, स्वास्थ्यकर्मीहरु दुर्गाप्रसाद भट्टराई र रोशन बस्नेत, अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शी, डम्बर घिमिरेलगायतले जिज्ञासा राखेका थिए । नगर प्रमुख रानाको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन शाखाकी सहसंयोजक दुर्गा चापागाईंले गरेकी थिइन् ।जनप्रतिनिधि, स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरुलगायतको सहभागिता रहेको कार्यक्रममा सहजकर्ता संयोजक बस्नेतले क्लबको अवधारणा, उद्धेश्य, सञ्चालन प्रक्रिया, क्लबबाट उपलब्ध हुने औषधि, बजेट व्यवस्थापन, अपेक्षित उपलब्धी, चुनौतीहरुबारे जानकारी दिएका थिए ।

पाँच विद्यालयमा खानेपानी योजना

दमक, फागुन १२ । झापाको कमल गाउँपालिका-६ स्थित वर्कफर नेपालले जिल्लाको पाँच स्थानमा शुद्ध खानेपानीको योजना निर्माण गरिदिएको छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हेल्पिङ हेण्ड फर रिलिफ एण्ड डेभलपमेन्ट नेपालको सहकार्यमा जिल्लाका गौरीगञ्ज ४ स्थित सरस्वती आधार भूत विद्यालय ,गौरीगञ्ज ३ कै मदरसा ,गौरादहको बैरातीमा रहेको श्री आधारभूत विद्यालय र बैगुनधुराको सशस्त्र प्रहरी कार्यालयमा शुद्ध पानी जडान गर्ने कार्य अन्तिम चरणमा पुगेको संस्थाका अध्यक्ष तिलचन्द्र अधिकारीले बताए ।

ती सवै योजना फागुनभित्र सम्पन्न भई समुदायलाई हस्तान्तरण गरिने उनले जानकारी दिए।

जिल्लाका दुर्गम क्षेत्रमा अझै पनि शुद्ध खानेपानीको पहुँच नभएकाले त्यस्ता स्थानलाई छनोट गरी गत वर्षदेखि परियोजना सञ्चालनमा रहेको उनले बताए ।

यसअघि समेत संस्थाले परियोजनामार्फत नै झापा र मोरङका विभिन्न सरकारी तथा सामुदायिक अस्पताललाई करिब रु दुई करोड ५० लाख मूल्य बराबरका स्वास्थ्य सामग्री प्रदान गरेको थियो ।

संस्थाले गरिबी निवारणका लागि समुदायमा स्वच्छ खानेपानीको उपलब्धता, स्वास्थ्य, शिक्षा, सीपसम्बन्धी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ । सन् २०१८ देखि शुरु भएको परियोजना पाँचवर्षसम्म सञ्चालन हुनेछ ।

परियोजनाअन्तर्गत संस्थाले गत वर्ष पनि जिल्लाका विभिन्न ११ वटा स्थानमा खानेपानी योजना निर्माण गरी समुदायलाई हस्तान्तरण गरेको संस्थाका कोषाध्यक्ष दिनेश संग्रौलाले बताए ।

प्रतिनिधिसभा...

छैन, त्यसैले यस्तो बेला फेरि एकताको कुरा कुराका लागि मात्रै हुन्छ। अब हामी त्यो भ्रममा बाँच्न चाहन्नौं।'

स्थायी कमिटी बैठकले प्रतिगमनविरुद्ध थालिएको संघर्षका कार्यक्रम तत्कालका लागि स्थगित गर्ने निर्णय गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

यसैबीच कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिँदा राम्रो हुने बताएका छन् ।

बुधबार महेन्द्र नारायण निधिको ९९ औँ जन्म जयन्तीको अवसरमा आयोजित 'अहिंसा र शान्ति : आजको सन्दर्भमा' विषय अन्तरक्रिया कार्यक्रममा बोल्दै सभापति देउवाले प्रधानमन्त्री ओलीले संसदमा बहुमत पुऱ्याउन नसके प्रधानमन्त्री पद छाड्दा राम्रो हुने बताएका हुन् । तर ओलीको पार्टीको कुरा भएकाले आफूहरुले दबाब नदिने उनको भनाइ थियो। देउवाले नेपालमा न्याय र प्रजातन्त्रको जित भएको पनि बताए । अदालतले राम्रो निर्णय गरेर नेपालमा संसदीय व्यवस्थालाई सुदृढीकरण गर्ने मौका मिलेको बताउँदै उनले भने, 'नेपालमा न्यायको जित भएको छ। प्रजातन्त्रको जित भएको छ। अदालतले राम्रो निर्णय गरेर नेपालमा फेरि संसदीय व्यवस्थालाई सुदृढीकरण गर्ने मौका मिलेको छ। मलाई विश्वास छ, ओलीले अदालतको निर्णयपछाडि कि त आफ्नो बहुमत पुऱ्याउनुपऱ्यो संसद्मा, होइन भने छोड्दा राम्रो हुन्छ। तर उहाँलाई यसो गर, उसो गर भन्ने कुरा छैन। उहाँहरुको पार्टीको कुरा हो।' कांग्रेसले केही गर्दैन भनेर जनताले भोट नदिएर हराए पनि अहिले कांग्रेस नै चाहिएको देउवाको भनाइ थियो ।

प्रतिनिधिसभा पुनर्स्थापनापछि खुशियाली

दमक (प्रस) । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने आदेश दिएलगत्तै झापाका विभिन्न स्थानसहित देशैभरि खुशियाली मनाइएको छ ।नेकपा प्रचण्ड-माधव समूहका कार्यकर्ता तथा सर्वसाधारण नागरिकले प्रतिगमनको पराजय भएको भन्दै खुशियाली मनाएका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर चौक दमकमा नेकपा प्रचण्ड - माधव समूहसंगै जनता समाजवादी पार्टीले एकैसाथ सर्वोच्चको फैसलाप्रति खुशियाली मनाउँदै दीप प्रज्ज्वलन गरेका छन् । दुवै पार्टीका कार्यकर्ताहरुसहित

❖ बाँकी अन्तिम पृष्ठमा

सूचना

२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु :

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नेपाल सरकार
प्रदेश नं. १
बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
०२३-५४०२४४

व्यवसाय दर्ता र नविकरणको म्याद थप सम्बन्धी सूचना

विर्तामोड नगरपालिकाले हालको विषम परिस्थितिमा राहत स्वरुप कर ,राजश्वको दायरा भित्र नपरेका वा नआएका कम्पनी संचालक, उद्योगी तथा व्यवसायीहरुलाई २०७४ असार मसान्त सम्मको नविकरण तथा कर वक्यौता रकम छुट दिने र अन्तिम चार वर्ष (०७४/७५ देखि ०७७/७८) सम्मको व्यवसाय कर लिइ दर्ता तथा नविकरण गर्न दिएको समय अवधी करदाताको चाप तथा माग बमोजिम यस कार्यालयको मिति २०७७/१०/०४ को निर्णयानुसार २०७७ साल फाल्गुन मसान्त सम्म थप गरिएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

- गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

प्रतिदिन **वर्गीकृत विज्ञापन**

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

नक रिकन्डिसन हाउस
दमक-५, नमुना टोल (झापा)
(ट्राफिक कार्यालयबाट २०० मि. उत्तर, दमक मन्टेश्वरी छेउ)
नकुल लिम्बु : ९८१६००१८८६ ९८४४६०१६५० मुन्ना घिसिङ : ९८०८७५२७२९ ९८४४६०१६५९
साथै बाइक भाडामा पनि पाइन्छ ।

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

राशिफल

मेष : अनुहारमा कान्ति र मनमा शान्ति छाउला। अरुलाई प्रभावित पारेर काम बन्नेछ।
वृष : आज प्रीय व्यक्तिसंग भेटघाट होला। धैर्य गरि मिहिनेत गरेमा कायसिद्धि हुनसक्छ।
मिथुन: आत्मिक सन्तुष्टि मिल्नेछ। विद्यामा सफलता पाइएला। जोश,जाँगर बढ्ला।
कर्कट : आज अनावश्यक यात्रा तथा अनावश्यक झमेलामा परिएला।
सिंह : आज दाम, इनाम र प्रतिष्ठा कमाउने वेलाछ।
कन्या : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सांगितीक क्षेत्रमा रुची बढ्नेछ।
तुला : भेटघाट र मनोरञ्जनमा सहभागीता भइएला। वैदेशिक कार्य अघी बढ्नेछ।
वृश्चिक : आज प्रेममा मनमुटावका साथै मन कमजोर रहला। सामान हराउने वा चोरी हुने भयछ।
धनु : आज शैक्षिक पक्षमा सुधार हुनेछ। सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ,
मकर : सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ।
कुम्भ : लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिन छ।
मीन : अनुहारमा कान्ति र मनमा शान्ति छाउला। अरुलाई प्रभावित पारेर काम बन्नेछ।